# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालसँग नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिमण्डलद्वारा भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष पशुपति मुरारकाको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले २०७२ असोज १३ गते भेटवार्ता गऱ्यो ।



सो भेटका क्रममा प्रतिनिधिमण्डलले तराईमा जारी आन्दोलन र त्यसबाट उत्पन्न असहज परिस्थितिले औद्योगिक तथा व्यवसायिक क्षेत्रमा परेको असरका बारेमा जानकारी गराउँदै वर्तमान असहज अवस्थामा बैंकलाई किस्ता, व्याज बुझाउन समेत असहज भएका कारण विभिन्न प्रकारका कर्जाको साँवा तथा व्याज बुझाउने अवधि हर्जाना व्याज नलाग्ने गरी पुस मसान्तसम्म थप गर्न आग्रह गरेको थियो

सो अवसरमा गभर्नर डा. नेपालले उद्योगी व्यवसायीको मर्काप्रति नेपाल राष्ट्र बैंक गम्भीर तथा संवेदनशील रहेको जानकारी गराउँदै औद्योगिक तथा व्यवसायिक क्षेत्रलाई सहज बनाउनका लागि नेपाल राष्ट्र बैंकले प्रयास गर्ने आश्वासन दिनुभयो । यस्तै प्रकारका समस्याबाट वित्तीय क्षेत्रलाई बचाउन राष्ट्रिय पुनरउत्थान कोषको प्रावधान रहेको उल्लेख गर्दै यस विषयमा आन्तरिक छलफल भइरहेको कुराको जानकारी दिनुभयो ।

भेटवार्ताका क्रममा डेपुटी गभर्नर महाप्रसाद अधिकारीले विद्यमान प्रावधानभित्र रहेर समस्याको समाधान निकाल्न प्रयास गरिने बताउनुभयो ।

**२०७२ असोज १३ गते, बुधबार**

**गभर्नरको कार्यालय**